गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा, नेपाल

# कृषि व्यवसायमा राहत तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०८२/१०/११)

प्रस्तावनाः प्राकृतिक विपद्, महामारीजन्य रोग तथा किराका कारण आकस्मिक रुपमा कृषि, पशुपन्छी र मत्स्य तथा सो व्यवसायमा परेको क्षतिबाट प्रभावित कृषकलाई राहत वा पुनर्स्थापना सहयोग उपलब्ध गराउने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

१. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "कार्यविधि" भन्नाले बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ लाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले कृषि विकास कार्यालय वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयलाई सम्झनु पर्छ।

(ग) "कृषि" भन्नाले कृषि, पशुपन्छी र मत्स्य तथा सोसँग सम्बन्धित व्यवसायिक क्रियाकलापहरुलाई सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

(ङ) "प्राकृतिक विपद्" भन्नाले बाढी, पहिरो, असिना, हावाहुरी, अत्याधिक हिउँ, तुषारो, खडेरी, डुबान, आगलागी, हिमताल बिष्फोटन, रोगकिरा लगायत प्राकृतिक रुपमा हुने विपद् सम्झनु पर्छ।

२. प्राविधिक पक्षः (१) प्राकृतिक बिपद् तथा महामारीजन्य रोगकिराका कारण प्रभावित कृषक/कृषक समूह/कृषि सहकारीले राहत प्राप्त गर्न आवश्यक कागजात सहित क्षति भएको सात दिनभित्र अनुसूची-१ बमोजिम सम्बन्धित जिल्लास्थित कृषि वा पशुपन्छी हेर्ने कार्यालयमा निवेदन पेस गर्नुपर्नेछ। व्यवसाय पुनर्स्थापना सहयोगका लागि प्रभावित कृषकले क्षति भएको पैंतीस दिनभित्र सम्बन्धित कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेस गर्नुपर्नेछ।

(२) यस मापदण्ड बमोजिम राहतको लागि पेस हुन आएका निवेदन, संलग्न कागजात, अनुगमन निरीक्षण प्रतिवेदन जाँचबुझ गरी राहत रकम प्रदान गर्न देहायको समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सम्बन्धित कार्यालयको प्रमुख, | -संयोजक |
| (ख) | प्रमुख, जिल्लास्थित कृषि वा पशु सेवा हेर्ने कार्यालय | -सदस्य |
| (ग) | जिल्ला समन्वय अधिकारी | -सदस्य |
| (घ) | कार्यालय प्रमुखले तोकेको अधिकृत | -सदस्य-सचिव |

(३) एकिकृत कार्यालयको हकमा उपदफा (२) को खण्ड (ख) बमोजिमको सदस्य कार्यालय प्रमुखले तोकेको वरिष्ठतम् अधिकृत रहनेछ ।

(४) उपदफा (२) बमोजिमको समितिले बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

३. आर्थिक पक्षः

(क) कृषि तर्फः

(१) खडा बालीमा क्षति भएको हकमा क्षतिको मूल्याङ्कन गरी लागतको २५ प्रतिशत नबढ्ने गरी राहत रकम उपलब्ध गराउन सकिनेछ र यसरी उपलब्ध गराइने राहतको अधिकतम सीमा पचास हजार रुपैयाँसम्म मात्र हुनेछ।

(२) प्राकृतिक विपद्बाट क्षति भएको प्लाष्टिक घर, स्क्रीन हाउस, नर्सरी घर, च्याउ खेती गरिने घर लगायतको संरचनाको हकमा प्राविधिकमार्फत क्षतिको मूल्याङ्कन गरी मर्मतसम्भार पश्चात लागतको बढीमा ४० प्रतिशतसम्म राहत रकम उपलब्ध गराउन सकिनेछ र यसरी उपलब्ध गराइने राहतको अधिकतम सीमा पचास हजार रुपैयाँसम्म मात्र हुनेछ।

(३) समुदायस्तर लाभान्वित हुने सिँचाइ कुलोमा क्षति भएको खण्डमा क्षतिको मूल्याङ्कन गरी सो संरचनाको मर्मत सम्भार पश्चात कुल लागतको बढीमा ९० प्रतिशतसम्म राहत रकम उपलब्ध गराउन सकिनेछ। तर दुई लाख रुपैयाँ भन्दा बढी रकम भुक्तानी हुनेछैन। व्यक्तिगत कृषि फर्म/कम्पनीको हकमा कुल लागतको बढीमा ५० प्रतिशत रकम उपलब्ध गराउन सकिनेछ। तर एक लाख रुपैयाँ भन्दा बढी रकम भुक्तानी हुनेछैन।

(४) कम्तिमा १० घार व्यवसायिक रुपमा पालन गरिएको मौरी गोला सहितको घारमा क्षति भएको हकमा क्षतिको मूल्याङ्कन गरी लागतको २५ प्रतिशत नबढ्ने गरी राहत रकम उपलब्ध गराउन र यसरी उपलब्ध गराइने राहतको अधिकतम सीमा चालिस हजार रुपैयाँसम्म मात्र हुनेछ।

(५) उपदफा (१), (२), (३) र (४) मा उल्लिखित गरेका बाहेक अन्यमा क्षति भएको हकमा क्षतिको मूल्याङ्कन गरी उत्पादन लागतको २५ प्रतिशत नबढ्ने गरी राहत रकम उपलब्ध गराउन सकिनेछ र यसरी उपलब्ध गराइने राहतको अधिकतम सीमा पचास हजार रुपैयाँसम्म मात्र हुनेछ।

(ख) पशुपन्छी तर्फः

(१) पशुपन्छी तथा मत्स्य व्यवसाय पुनस्थापनाका लागिः

- (क) माउ गाई/भैसी वा रागो/साँढे खरिदः अधिकतम रु. २५,०००/- प्रति पशु
- (ख) गोरु खरिदः प्रति गोरु अधिकतम रु. १२,५००/-
- (ग) माउ भेडा बाखा/बंगुर खरीदः अधिकतम रु. ४,०००/- प्रति पशु।
- (घ) प्रजननयोग्य वोका/थुमा/बिर खरिद अधिकतम रु. ७,५००/- प्रति पशु
- (ङ) खोर/गोठ निर्माण/सुधारः अधिकतम रु. २५,०००/-
- (च) लेयर्स कुखुरा बाहेक अन्य पन्छी (ब्रोइलर, मासु र अण्डा दुवै उत्पादनको लागि पालिने कुखुराको प्रजाति र हाँस) का एक दिने चल्ला रु. ३५ प्रति चल्ला वा प्रचलित मूल्य जुन कम हुन्छ।

(छ) लेयर्स कुखुराको एक दिने चल्लाः रु. ५० वा प्रचलित मूल्य मध्ये जुन कम हुन्छ।

(ज) माछाको भुराः रु. २.५ प्रति भुरा (प्रति वर्ग मिटर जलाशयमा १ भुराको हिसावले)।

(झ) पोखरी सुधारः कार्प जातिको माछाको लागि प्रति रोपनी रु ५,०००/- र रेन्वो ट्राउट माछाको लागि प्रति रेश्वे रु. १०,०००/-

(ञ) घाँस, पराल र हे को संचित स्टकमा क्षति भएमा आहारा व्यवस्थापनको लागि अधिकतम रु. १०,०००/- सम्म

(२) पशुपन्छी तथा मत्स्य व्यवसाय राहतका लागिः

(क) माउ गाई/भैसी वा प्रजननको रागो/साँढेको मृत्यु भएमाः अधिकतम रु. १०,०००/- प्रति पशु

(ख) गोरुको मृत्यु भएमाः प्रति गोरु अधिकतम रु. ५,०००/-

(ग) माउ भेडा/बाखा/बंगुर को मृत्यु भएमाः अधिकतम रु. १,५००/- प्रति पशु।

(घ) प्रजननयोग्य बोका/थुमा/बिरको मृत्यु भएमाः अधिकतम रु. ३,०००/- प्रति पशु

(ङ) खोर/गोठ पूर्ण क्षति वा पुनर्निर्माण नगरी प्रयोग गर्न नसकिने भएमाः अधिकतम रु. १०,०००/-

(च) लेयर्स कुखुरा वाहेक अन्य पन्छी (ब्रोइलर, मासु र अण्डा दुवै उत्पादनको लागि पालिने कुखुराको प्रजाति र हाँस) का बथानमा एक हप्ताको अवधिभर ५० प्रतिशत भन्दा बढीको मृत्यु भएकोमा प्रति पन्छी रु. १०/-

(छ) लेयर्स कुखुराको बथानमा एक हप्ताको अवधिभर ५० प्रतिशत भन्दा वढीको मृत्यु भएकोमा प्रति पन्छी रु. २०/-

(ज) माछाको भुराः रु. ०.५ प्रति भुरा (प्रति वर्ग मिटर जलाशयमा १ भुराको हिसावले)।

(झ) पोखरीमा क्षतिः- कार्प जातिको माछाको लागि प्रति रोपनी रु. २,०००/- र रेन्वो ट्राउट माछाको लागि प्रति रेसवे रु. ४,०००/-

(ञ) घाँस, पराल र हे को संचित स्टकमा क्षति भएमा आहारा व्यवस्थापनको लागि क्षतिको मूल्याङ्कन गरि अधिकतम रु. ५,०००/- सम्म

(ट) खण्ड (क) देखि (ञ) सम्म प्रदान गरिने राहत बापतको रकम बढिमा पचास हजार रुपैयाँसम्म प्रदान गर्न सकिने छ।

४. <u>निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः</u>

(क) कम्तीमा दुई जना सँधियार र स्थानीय जनप्रतिनिधिको रोहवरमा क्षति भएको बाली वस्तुको सरजमिन मुचुल्का,

(ख) क्षतिको विवरण खुलाई सम्बन्धित स्थानीय तहले गरेको सिफारिस,

(ग) क्षति भएको स्पष्ट देखिने फोटोहरु,

(घ) कृषकको हकमा नागरिकताको प्रतिलिपि, वैंक खाता सम्बन्धी विवरण र स्थायी लेखा नं

(ङ) फर्म वा कृषक समूह वा कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र बैंक खाता सम्बन्धी विवरण,

(च) कृषक समूह/कृषि सहकारीको हकमा संस्थागत निर्णयको प्रतिलिपि,

(छ) महामारी वा रोगको हकमा सरकारी प्रयोगशालामा गरेको परीक्षणको रिपोर्ट।

५. <u>रकम उपलब्ध गराउन सक्ने:</u> (१) व्यवसाय पुनर्स्थापना पश्चात पेस हुने बिल भरपाई, कार्य प्रगति, स्पष्ट देखिने फोटोहरु र स्थलगत अनुगमन प्रतिवेदनका आधारमा सम्बन्धित आवेदकको बैंक खातामा भुक्तानीको रकम उपलब्ध गराउन सकिनेछ।

(२) राहत निवेदन स्वीकृति पश्चात कृषकले पेस गरेको निवेदन, स्थलगत प्रतिवेदन, सरजमिन मुचुल्का, मूल्याङ्कन समितिको सिफारिस र कार्यालयको राहत उपलब्ध गराउने निर्णय समेतका आधारमा सम्बन्धित आवेदकको बैंक खातामा भुक्तानीको रकम उपलब्ध गराउन सकिनेछ।

(३) बिमा दावीभुक्तानी भएको हकमा राहत वा पूनर्स्थापना सहयोग उपलब्ध हुने छैन।

६. <u>विवरण पेस गर्नु पर्ने:</u> सम्बन्धित कार्यालयले क्षति र राहत रकम सहितको विवरण मासिक रुपमा मन्त्रालयमा पेस गर्नुपर्नेछ।

७. <u>संशोधन:</u> मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

८. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

९. <u>बाधा अड्काउ फुकाउ:</u> यस मापदण्डकको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले फुकाउन सक्नेछ।

१०. <u>खारेजी र बचाउ:</u> (१) व्यवसाय पुनर्स्थापना सहयोग सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड अनुसार भए गरेका काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा २ को उपदफा (१) सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा, नेपाल

## निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुखज्यू,
.................... कार्यालय
................................ ।

**विषयः राहत रकम सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा.......................................................................................... विपद्ले मेरो खेत/बारी/बगैंचा/फार्ममा.........................................................क्षेत्रफलमा रहेको..........................................................बाली/पूर्वाधारमा आंशिक/पूर्ण रुपमा नष्ट भई रु....................................बराबरको अनुमानित क्षति भएकोले........................................................कार्यक्रमबाट आवश्यक राहत रकम उपलब्ध गराइदिनु हुन तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेस गरिएको वेहोरा अनुरोध छ।

**तपसिलः**

संलग्न कागजातहरुः

(१) कम्तीमा दुई जना सँधियार र स्थानीय जनप्रतिनिधिको रोहवरमा क्षति भएको बाली वस्तुको सरजमिन मुचुल्का,
(२) क्षतिको विवरण खुलाई सम्बन्धित स्थानीय तहले गरेको सिफारिस,
(३) क्षति भएको स्पष्ट देखिने फोटोहरु,
(४) कृषक/कृषि समूह/कृषि सहकारीको नागरिकताको प्रतिलिपि, करचुक्ता प्रमाणपत्र, स्थायी लेखा नं. र बैंक खाता सम्बन्धी विवरण,
(५) कृषि समूह/कृषि सहकारीको हकमा संस्थागत निर्णयकफ प्रतिलिपि।

नामः
हस्ताक्षरः
ठेगानाः
सम्पर्क नम्बर